# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रजैया, मकवानपुर

बागमती प्रदेश, नेपाल ।

प.सं.: २०८०/०८१

च.नं. : ९९

मितिः२०८०/०४/०२

श्री मनहरी गाउँपालिका

सबै शाखा/उपशाखा प्रमुखहरु

वडा कार्यालय/वडा सचिवहरु

मनहरी, मकवानपुर

विषयः निर्णय कार्यन्वयन गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा मिति २०८० श्रावण १ गते सोमबार बसेको आ. व. ०८०/८१ को पहिलो गाउँ कार्यपालिका बैठकको निर्णय पाना पाँच (५) थान यसै साथ संलग्न छ। सो निर्णयानुसार तहाँ संग सम्बन्धित निर्णयहरु हेरी समयमै आवश्यक कारबाही गर्नु गराउनु हुन अनुरोध छ।

(मोहनकुमार श्रेष्ठ)

प्रमुख प्रशासकीय अधिकृत

मोहन कुमार श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८०/०४/०१ गते सोमबार दिउसो १२:०० बजे आ.व. २०८०/८१ को यस मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको पहिलो बैठक गाउँपालिकाका अध्यक्ष श्री रन्जन कालाखेती ज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो।

**उपस्थिति**

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाख्रिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री मोहनकुमार श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित/बैठक सहयोगी

श्री सिर्जना बर्तौला प्रशासन शाखा सहायक पाचौं

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजैया, मकवानपुर बागमती प्रदेश, नेपाल

२०८० श्रावण १ गते बसेको गाउँ कार्यपालिकाको पहिलो बैठकको छलफलका विषयहरु :

१. विगतको निर्णय समीक्षा सम्बन्धमा।
२. सेवा करारमा कार्यरत करार तथा ज्यालादारी कर्मचारीको करार सम्झौता अवधि थप सम्बन्धमा।
३. योजना अनुगमन तथा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा।
४. उपभोक्ता समितिको म्याद थप अनुमोदन सम्बन्धमा।
५. वार्षिक प्रगति समीक्षा सञ्चालन सम्बन्धमा।
६. कर्मचारी प्रोत्साहन कार्यबिधि, २०७८ को दोस्रो संशोधन सम्बन्धमा।
७. पदपूर्ति सम्बन्धमा।

**निर्णयहरु:**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा विगतमा गाउँ कार्यपालिकाबाट भएका अधिकांश निर्णयहरु कार्यान्वयन भईसकेको र केही निर्णय कार्यान्वयनको चरणमा रहेकोमा शिघ्र कार्यान्वयनको लागि सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गर्दै समीक्षा गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा सेवा करारमा संघीय सरकारको सशर्त कार्यक्रम अन्तर्गत कार्यरत उद्यम विकास सहजकर्ता गोपिराम बललाई संघीय शशर्त बजेट निकासा नआएकोले, प्राविधिक सहायक उज्ज्वल राना मगरको कार्य सम्पादन सन्तोषजनक नभएको र सहीद स्मृति आधारभुत स्वास्थ्य केन्द्र मनहरी १ मा कार्यरत अ.हे.ब. शुष्मा श्रेष्ठको कार्यसम्पादन सन्तोषजनक नभएको कारण, गाउँ कार्यपालिका निर्णय अनुसार गाउँपालिका भित्रका पशुहरुमा देखिएको लम्पी रोग बढेको कारण जनशक्ति अभावका कारण दैनिक ज्यालादारीमा कामकाज लगाइएका ५ जना पशु प्राविधिकहरुको हाल उक्त रोग रोग नियन्त्रणमा आएको हुँदा र कर संकलन सहजकर्ताहरुलाई तत्कालका लागि कर संकलन कार्य नहुने हुँदा आजैका मितिबाट लागू हुने गरी कामकाजबाट हटाउने र बाँकी सबै विभिन्न विषयगत शाखामा करार सेवामा कार्यरत कर्मचारीहरुको करार अवधि २०८० पौस मसान्तसम्म थप गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

३. प्रस्ताव नं ३ उपर छलफल गर्दा आ.व. ०७९/८० मा बजेट बिनियोजन भई मनहरी गाउँपालिका योजना शाखाबाट उपभोक्ता समिति मार्फत संचालित योजनाहरुमध्ये तपसिलका योजनाहरु २०८० असार ५ देखि २५ गतेसम्म अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमन गरी भुक्तानीको लागि सिफारिस गरे बमोजिम भएका भुक्तानीहरु सदर सहित फरफारक गरी अनुमोदन गर्ने निर्णय गरियो।

२०८० श्रावण १ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

| सि.न. | योजना/कार्यक्रमको नाम | वडा न. | लागत अनुमान रकम रु. | सम्पन्न खुद भुक्तानी रकम. |
|---|---|---|---|---|
| १. | बृहत खानेपानी तथा सरसफाई | ९ | ८०७३३६। | ५०८७७५। |
| २ | ट्याङ्की दमार तटबन्धन | २ | ९६०१७९।७ | ७९९२६६। |
| ३ | मकरी पुछार टोल ट्रयाक बाटो निर्माण | १ | ४७९१७०। | ३२१७२७। |
| ४. | स्याउली बजारदेखि जयामिरे मुलखोला दोभान सम्म ड्याम सहितको बाटो | ४ | ३६००४३५। | ३००००००। |
| ५. | केदारेश्वर खानेपानी तथा सरसफाई | ९ | २५४९५१२ | २१००७४८। |
| ६. | दमार बिचटोल सेब्दह खानेपानी मर्मत योजना | ३ | ११५८९७५ | १०००००। |
| ७. | बाह्रघरे टोलको बाह्रघरे हुँदै ढकाल डाँडा सम्म जाने बाटो स्तरिकरण | ९ | २४०१५२। | २०००००। |
| ८. | ढकाल टोल देखी सहकारी जाने बाटो नयाँ ट्र्याक तथा मर्मत | २ | ६००१०३।८ | ५०००००। |
| ९. | शिवहरी डाँडा बाटो ढलान | ९ | ३५८९६२।९ | २८८३६२। |
| १०. | मिलडाँडा हुँदै हाँडीखोला सम्म बाटो ढलान | ३ | ६०००९६४ | ४९०७८६५। |
| ११. | वडा कार्यालयबाट रमौली जाने कृषि सडक ट्र्याक ओपन | ७ | १२१००० | १०००००। |
| १२. | गौरी धारो कुलो निर्माण | ३ | ५९६३५९।४ | ५०००००। |
| १३. | आश्रमटोल सिंचाई तथा खानेपानी | १ | १९६१७३। | १९४५८९। |
| १४. | ढेडुवा खोला खानेपानी ट्याङ्की निर्माण | ३ | ४५४२९४।८ | ४०००००। |
| १५. | कर्बाङ्गे थापा रामचन्द्र टोल बाटो स्तरीकरण | ४ | ६०१०४१।६ | ५०००००। |
| १६. | नयाँ बस्ती सिंचाई कुलो मर्मत | ८ | १०८६०७।२ | ७८९४७। |
| १७. | धनेश्वरी मन्दिर मर्मत | ३ | २३९०७९।६ | १९९४७७। |
| १८. | कार्की खोल्ची देखी जलुगे डाँडासम्म पाईप तान्ने | ४ | ३६१५५२।६ | २३८८५०। |
| १९. | किरातेश्वर कृषि सहकारी भवन निर्माण | १ | ५९२८६३ | ४९९४८०। |
| २०. | सौर्य झङ्का जडान तथा निर्माण | ६ | १३५४३६९। | १०८१८७०। |

| | | | | |
|---|---|---|---|---|
| २१. | थोक्रा टोल सार्वजनिक शौचालय ट्युवेल निर्माण | ३ | ३५९७३७८ | २९९९०६। |
| २२. | सकृय धनेश्वर महिला भवन निर्माण | ९ | ५७९८७३।२ | ५०००००। |
| २३. | सानो पाल्दमार सिचाई कुलो मर्मत योजना | ३ | १७९०९०।४ | १५००००। |
| २४. | शान्ती प्रिय चोक शाखा बाटो स्तरिकरण | ७ | १५६२५५ | १२५०००। |
| २५. | लक्ष्मी चोक बाटो निर्माण | ९ | १८०६९४।८ | १००५३३। |
| २६. | एक्ले ढुङ्गा देखी बालभञ्ज्याङ्ग सम्म नयाँ ट्र्याक निर्माण | ६ | ६००१३९।३ | ४७९६५४। |
| २७. | वडा नं. ६ स्थित रासी खोला नियन्त्रण | ६ | ६००२८०।४ | ५०००००। |
| २८. | च्यापल टाडी उकालो बाटो तटबन्धन | २ | २६०४८०।७ | २०००००। |
| २९. | ७ नं. वडा कार्यालय जाने बाटो स्ल्याब ढलान | ७ | २०९५९५। | १८००००। |
| ३०. | डोठे प्रतिक्षालय मर्मत | ३ | ५९७४०।७९ | ५००००। |
| ३१. | निर्मलबस्ती खानेपानी मर्मत | ७ | ७२१५५९।४ | ५७१८१७। |
| ३२. | राधाकृष्ण खानेपानी चकरी सिचाई | १ | १८४२००।९९ | १४५१४३। |
| ३३. | सहकारी टोल सिचाई | ३ | ९८९५८।१३ | ९३७६६। |
| ३४. | खानेपानी ट्युकल | ३ | २५०००। | २४१८४। |
| ३५. | लामिटार मध्यवर्ति सामुदायिक वन भवन निर्माण | ३ | ४४१८१६।९३ | ४२०११४।५ |
| ३६ | सियो धागो सिलाई श्रम सहकारी संस्था | ९ | १६६७००० | १६२८६०१।४ |
| ३७. | मनहरी जिम क्लब स्तर उन्नती | ७ | ८३३७९४ | ८०८०७५। |
| ३८. | राष्ट्रिय रोटरी मा.वि. | ७ | ३०४७७७ | २८८७१३। |
| ३९. | खत्री टोल खानेपानी तथा सिचाई | ३ | १६६७६५ | १५९४५०। |
| ४०. | राजकुमारको घरदेखी स्कुल जाने बाटो स्तरीकरण | २ | ३३३८२०।७८ | ३२२३२३।७८ |
| ४१. | विष्टटोल बस्ती बचाउ तथा खोल्सी संरक्षण | ४ | १०००३४५।५९ | ९६११५०।१३ |
| ४२. | रातोमाटे खोल्सी नियन्त्रण निर्माण | ९ | ६०००००।९१ | ५२६४७३। |
| | जम्मा | | २७२४२८३५। | २१७२२६७०। |

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा आ.व. २०७९।८० को योजना शाखा मार्फत उपभोक्ता समितिबाट कार्यान्वयन गरिने सार्वजनिक निर्माणका योजना मध्ये तपसिल बमोजिमका उपभोक्ता समितिहरुले विभिन्न कारण जनाई सम्झौता अवधि भित्र काम सम्पन्न हुन नसकेको भनी म्याद थपको लागि दिएको निवेदन तथा वडा कार्यालयहरुले गरेको सिफारिस बमोजिम कार्यालयबाट म्याद थप गरिएकोमा सो कार्यको अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | योजनाको नाम | वडा नं. | सम्पन्न हुन पर्ने म्याद | थप भएको म्याद |
|---|---|---|---|---|
| १ | बेलुवा खेल मैदान उपभोक्ता समिति | ८ | २०७९/१२/३० | २०८०।०२।१५ |
| २ | सडक देखि चनौटा टोल घेरेडी बाटो निर्माण उपभोक्ता समिति | ९ | २०७९/१२/३० | २०८०।०१।१५ |
| ३ | केदारेश्वर खानेपानी तथा सरसफाई उपभोक्ता समिति | ९ | २०८०।०२।१५ | २०८०।०२।३० |
| ४ | श्री त्रिरत्न प्रा.वि. भवन मर्मत तथा फर्निचर निर्माण | २ | २०७९/१२/३० | २०८०।०२।०५ |
| ५ | खरङ्गा जैसिङ्ग खानेपानी | ९ | २०७९/१२/३० | २०८०।०२।२० |
| ६ | शिवहरी डाँडा बाटो ढलान | ९ | २०८०।०२।१५ | २०८०।०२।३२ |
| ७ | सानाटोल सडक स्तरीकरण | २ | २०८०।०१।३० | २०८०।०२।३२ |
| ८ | सत्सङ्ग भवन निर्माण तथा मुनाटोल जानेबाटो निर्माण | २ | २०८०।०१।३० | २०८०।०२।३० |
| ९ | मकरी पुच्छार तथा नयाँ ट्रयाक बाटो | १ | २०७९/१२/३० | २०८०।०३।१५ |
| १० | आश्रमटोल सिचाई तथा खानेपानी | १ | २०८०।०१।३० | २०८०।०२।३० |
| ११ | ट्रयाङ्की दमार तटबन्धन | २ | २०७९/१२/३० | २०८०।०३।२० |
| १२ | ढकाल टोल देखी सहकारी जाने बाटो नयाँ ट्रयाक तथा मर्मत | २ | २०८०।०१।३० | २०८०।०३।२० |

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. २०७९/८० मा विभिन्न विषयगत शाखा, वडा कार्यालय मार्फत सम्पादन भएका कार्य तथा सेवाहरुको प्रगति विवरणको सम्बन्धमा वार्षिक समीक्षा कार्यक्रम लामिटारस्थित सभाहलमा साउन २५ गते संचालन गर्ने र सम्बद्ध शाखा तथा कार्यालयले powerpoint presentation उपलब्ध गराउने व्यवस्था कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा गाउँपालिकाको कर्मचारीलाई उच्च मनोबलका साथ कामकाज गर्ने वातावरण निर्माण गर्न दैनिक प्रशासनिक लगाएतका कार्यहरु चुस्त दुरुस्त र समयमै कार्यसम्पादन गर्न कार्यालय समय अघि वा पछि समेत जनताको आवश्यकता अनुरुप सेवा प्रवाह गर्न कर्मचारी प्रोत्साहन कार्यविधि (पहिलो संसोधन), २०७८ को दफा ७ को (ख) र (घ) मा रहेका प्रोत्साहन सुविधालाई कार्यबोझका आधारमा तपसिल बमोजिम हुने गरी संशोधन गरी नियमानुसार राजपत्रमा प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | दर्जा वा शाखा | उपलब्ध गराईने प्रोत्साहन सुविधाको प्रतिशत दर | कैफियत |
|---|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | ४५ | |
| २. | आर्थिक प्रशासन शाखा | ३५ | |
| ३. | राजश्व/जिन्सी/प्रशासन शाखा | ३० | |
| ४. | योजना/प्राविधिक शाखा | २० | |
| ५. | वडा सचिव | २० | |
| ६. | विषयगत शाखा ( शिक्षा, स्वास्थ्य, सामाजिक विकास, शाखा कृषि तथा पशुपन्छी विकास शाखा लगायत) | २० | |
| ७. | सवारी चालक | २० | |
| ८. | कार्यालय सहयोगी | १५ | |

७. प्रस्ताव नं. ७ माथि छलफल गाउँपालिका अन्तर्गत विभिन्न स्वास्थ्य संस्थामा रिक्त हुन गएको एक जना अ.हे.व. र एक जना अ.न.मि. पदमा करारमा श्रेणीविहिन कर्मचारी प्राविधिक कर्मचारी भर्ना सम्बन्धी कार्यविधि, २०७८ बमोजिम पदपूर्ति गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

रन्जन कालाखेती
अध्यक्ष